# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :-६  संख्या :-४  मिति :-२०८०/०३/१५

## भाग- २

# बालविवाह बिरुद्धको कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना :

बोगटान फुड्सिल गाउँपालिकामा रहेको बालविवाह जस्तो कुप्रथाको अन्त्य गरि बालबालिकाहरुको सर्वपक्षीय विकासको लागि स्थानीय समुदाय र विकास साझेदारलाई परिचालन गर्दै, बालविवाह विरुद्धको सचेतना अभियान सञ्चालन गरि बालअधिकारको संरक्षण गर्न बान्छनीय देखिएकोले गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) ले दिएको अधिकार प्रयोग गरी बोगटान फुड्सिल गाउँकार्यपालिकाले यो बालविवाह बिरुद्धको कार्यक्रम सञ्चालन कार्यविधि, २०८० तयार गरि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “बालविवाह बिरुद्धको कार्यक्रम सञ्चालन कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “बालबालिका” भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनुपर्छ ।

(ख) “ऐन” भन्नाले नेपालको बालबालिका सम्वन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

(ग) “कार्यपालिका” भन्नाले बोगटान फुड्सिल गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) “अध्यक्ष” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) “उपाध्यक्ष” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) “कार्यपालिका सदस्य’ भन्नाले बोगटान फुड्सिल गाउँकार्यपालिका सदस्यलाई सम्झनुपर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) “पीडित” भन्नाले बालबिवाहमा परेका बालबालिकालाई सम्झनुपर्छ ।

(झ) “समिति” भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित समितिलाई समिति सम्झनुपर्छ ।

(ञ) “बालविवाह” भन्नाले नेपालको प्रचलित कानुन बमोजिम २० बर्ष उमेर नपुगी भएको विवाहलाई सम्झनुपर्छ ।

(ट) “वडाध्यक्ष” भन्नाले बोगटान फुड्सिल गाउँपालिका अन्तरगतका वडाहरुका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ठ) “वडा सदस्य” भन्नाले बोगटान फुड्सिल गाउँपालिका अन्तरगतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनुपर्दछ ।

(ड) “सामाजिक संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ ।

(ढ) “नीजि संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता व्यापारिक प्रतिष्ठानहरुलाई सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका नीजि कम्पनी र व्यापारिक संस्थाहरुलाई समेत जनाउँछ ।

(ण) "समुदायमा आधारित संस्था" भन्नाले समुदायमा रहेका आमा समूह, महिला समूह, युवाक्लव, वन समूह, स्थानीय सहकारी संस्था आदिलाई सम्झनुपर्छ ।

(त) "गाउँपालिका" भन्नाले बोगटान फुड्सिल गाउँपालिकालाई सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्य :**

(क) वार्षिक योजना तथा कार्यक्रममा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ख) बालविवाहका सम्वन्धमा विद्यमान सामाजिक, साँस्कृतिक, परम्परागत हानिकारक अभ्यास र मान्यतामा आधारित सोच तथा व्यवहार परिवर्तनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामाजिक अगुवा, संघसंस्था लगायत अन्य सम्वद्ध सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

(ग) बालविवाह अन्त्यका लागि सवै सरोकारवालाहरुसंग सहकार्य गर्ने ।

(घ) बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मुल्याङ्कन गर्ने ।

## परिच्छेद्–२

## बालविवाह रोकथाम अभियान

४. **कार्यक्रम सञ्चालन** : (१) गाउँपालिकाले बालविवाह रोक्नका लागि देहायका कार्यक्रमहरु सञ्जालन गर्नेछ :

(क) गाउँपालिकाले वडागत रुपमा बालविवाहको बार्षिक अवस्थाको तथ्याङ्क संकलन गर्ने ।

(ख) संकलित तथ्याङ्कको आधारमा बालविवाह हुने वस्ती, टोल समुदाय र वडामा कार्यक्रम केन्द्रित गर्ने ।

(ग) बालविवाह बिरुद्ध विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने ।

(घ) सामुदायस्तरमा बालक्लव, युवा क्लव, किशोरकिशोरी समुह निर्माण गर्ने वा भएका समुहमा बालबालिकाहरुको सहभागीतालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) बालअधिकार, लैङ्गिकता, यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरुको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) बालविवाह बिरुद्ध सामाजिक अभियानका लागि बालक्लव र समुदायका बालबालिकाहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक तालिमको व्यवस्थापन गर्ने ।

(ङ) सरकारी, गैर सरकारी र नीजि क्षेत्रसंग समन्वय गरि बालविवाह बिरुद्ध पारिवारिक जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(च) बालविवाह लैङ्गिक विभेद पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा बालबालिका, किशोरकिशोरी तथा महिला पुरुषहरुलाई सहभागिता गराई सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(छ) गाउँपालिकावाट बिनियोजित बजेटभित्र रही गाउँपालिकास्तरीय बालअधिकार संरक्षण समितिमार्फत बालविवाह मुक्त वडा र गाउँपालिकाको लागि बार्षिक कार्ययोजना निर्माण गरि बिभिन्न वडा तथा बिद्यालयस्तरमा तालिम, र्‍याली तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।

(ज) स्थानीय धार्मिक अगुवाहरुलाई बालविवाह बिरुद्धको चेतनामूलक तालिम सञ्चालन गर्ने र स्थानीय धार्मिक अगुवाहरु परिचालन गरि घरदैलो अभियान सञ्चालन गर्ने ।

(झ) गाउँपालिकास्तरमा बालविवाहको अवस्था बिषयक राजनीतिक दल, बालअधिकार संरक्षण समिति, बालक्लवका प्रतिनिधि, धार्मिक अगुवाहरु, महिला सञ्जाल, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका लगायतका सरोकारवालाहरु बीच सार्वजनिक सम्वाद कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) किशोरकिशोरीहरुले सानै उमेरमा भागेर विवाह गर्ने घटनाहरुलाई रोक्न उनीहरुलाई बालविवाहका असरहरुवारे जानकारी दिन “बालकदेखि बालकसम्म” अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

(ट) बालविवाह रोक्न पहल गर्ने व्यक्ति र संस्थाहरुलाई पुरस्कृत गर्ने ।

(ठ) स्थानीय सञ्चार माध्यमहरुसंग साझेदारी गरि प्रचार प्रसार गर्ने ।

(ड) प्रहरी चौकी चवाराचौतारासंग समन्वय गरि प्रहरीमार्फत बालविवाह सामाजिक तथा कानुनी अपराध हो भनी बालविवाह नगराउनका लाीग जागरण तथा अन्तर्क्रियाका साथै बिभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(ढ) बालविवाह मुक्त वडा र गाउँपालिका घोषणाका लागि आवश्यक तयारी गर्ने ।

५. **कार्यक्रम कार्यान्वयन समिति** : (१) दफा ४ मा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न देहायको कार्यक्रम कार्यान्वयन समिति रहनेछ :

(क) गाउँपालिकास्तरमा

अ) गाउँपालिकाको उपाध्यक्ष : संयोजक

आ) गाउँकार्यपालिकाका सदस्यहरुमध्ये अध्यक्षले मनोनिगत गरेको महिला सदस्य–सदस्य

इ) गाउँपालिकास्तरीय बालक्लव सञ्जालको अध्यक्ष–सदस्य

ई) गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुमध्ये समितिले मनोनित गरेको एक जना–सदस्य

उ) महिला तथा बालबालिका शाखाको प्रमुख–सदस्य सचिव

(ख) वडास्तरमा :

अ) वडाध्यक्ष–संयोजक

आ) महिला वडा सदस्यहरुमध्ये वडा समितिले मनोनित गरेको एक जना-सदस्य

इ) वडास्तरीय बालक्लव सञ्जालको अध्यक्ष-सदस्य

ई) समुदायमा आधारित संस्थाहरुमध्ये समितिले छानेको एक जना-सदस्य

उ) वडा सचिव–सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले बालविवाह बिरुद्धको कार्यक्रम सञ्चालन र सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय तथा सहकार्य गर्नेछ ।

(३) समितिले आवश्यक ठानेमा सम्वन्धित टोलबाट प्रतिनिधित्व गर्ने वडा सदस्य वा समुदायमा आधारित संस्थाको प्रमुखको संयोजकत्वमा टोलस्तरीय समिति गठन गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्वन्धी कार्यविधि गाउँपालिकास्तरीय समितिले वनाए अनुसार हुनेछ ।

६. **बजेटको व्यवस्था** : यस कार्यविधि बमोजिमका कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक वजेट बिनियोजन गरि नियमानुसार खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-३

## वडा र गाउँपालिका बालविवाह मुक्त घोषणाका सूचकहरु

७. **बालविवाह मुक्त वडा घोषणाका सूचकहरु** : (१) बालविवाह मुक्त वडा घोषणा गर्न देहायका सूचकहरु पुरा भएको हुनु पर्नेछ :

(क) वडामा विवाह गर्ने उमेर अनुसार विवाह भएको तथ्याङ्क चुस्तदुरुत अभिलेख भएको हुनु पर्नेछ ।

(ख) वडास्तरमा बालसंरक्षण सयन्त्र बनेको (बालअधिकार संरक्षण समिति, बालमैत्री स्थानीय शासन वडा समिति, बालविवाह अन्त्य सम्वन्धी रणनीति बनेको, बाल संरक्षण सम्पर्क व्यक्ति तोकेको) हुनु पर्नेछ ।

(ग) बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्नेछ ।

(घ) गाउँपालिकाले बाल संरक्षण नीति बनाई लागु गरेको हुनु पर्नेछ ।

(ङ) वडास्तरीय बालअधिकार संरक्षण समिति क्रियाशिल भएको हुनु पर्नेछ ।

(च) वडाभित्र रहेका समुदायमा आधारित संस्था/समिति/समुहहरु बाल विवाह विरुद्धमा सक्रिय रुपमा क्रियाशिल भएका हुनु पर्नेछ ।

(छ) धार्मिक अगुवाहरुले बालविवाह गराउन छाडेको हुनु पर्नेछ ।

(ज) बालविवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागि हुन छाडेको हुनु पर्नेछ ।

(झ) बालबालिकाहरु र अभिभावकहरु बालविवाहका विषयमा सचेत भएको हुनु पर्नेछ । प्रहरी प्रशासन पनि बालविवाहका विरुद्धमा सचेत भई बालविवाहका अपराधिहरुलाई कारवाही गर्न सक्रिय भएको हुनु पर्नेछ ।

(ञ) बालविवाह मुक्त वडा घोषणा गर्नको लागि वडामा जम्मा विवाह भएका संख्यामध्ये बालविवाहको संख्या १० प्रतिशत भन्दा कम भएको तथ्याङ्क हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सूचकहरु पुरा भएको प्रतिवेदन वडाध्यक्षले कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) अनुसारको प्रतिवेदन कार्यपालिकामा पेश भएपछि कार्यपालिकाले अनुगमन गरि आफ्नो राय सहितको प्रतिवेदन पेश गर्न बालअधिकार संरक्षण समितिलाई निर्देशन दिन सक्नेछ वा कार्यपालिकाले एक अनुगमन टोली वनाई खटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले वडा घोषणाका लागि वडाध्यक्षमार्फत वडा कार्यालयलाई अनुमति दिनेछ ।

८. **बालविवाह मुक्त गाउँपालिका घोषणाका सूचकहरु** : (१) गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्नका लागि दफा ६ मा उल्लेखित सूचकहरुका अतिरिक्त देहायका सूचकहरु पुरा गरेको हुनु पर्नेछ :

(क) गाउँपालिकाका सवै वडाहरु बालविवाह मुक्त वडा घोषणा भईसकेको हुनु पर्नेछ ।

(ख) गाउँपालिकमा उमेर अनुसार विवाह भएको तथ्याङ्क चुस्तदुरुत अभिलेख भएको हुनु पर्नेछ ।

(ग) बालविवाह सम्वन्धी कानूनी र संरचनागत संयन्त्र (बालअधिकार संरक्षण समिति, बालमैत्री स्थानीय शासन वडा समिति, बालविवाह अन्त्य सम्वन्धी रणनीति बनेको, अन्य कानूनहरु बनेको, बाल संरक्षण सम्पर्क व्यक्ति तोकेको) हुनु पर्नेछ ।

(घ) बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्नेछ ।

(ङ) गाउँपालिकाले बाल संरक्षण नीति बनाई लागु गरेको हुनु पर्नेछ ।

(च) गाउँपालिकास्तरीय बालअधिकार संरक्षण समिति क्रियाशिल भएको हुनु पर्नेछ ।

(छ) गाउँपालिकाभित्र कार्यरत गैरसरकारी संस्थाहरु, समुदायमा आधारित संस्था/समुहहरुले बालविवाह विरुद्धको अभियानलाई अन्तर-बिषयक क्रियाकलाप (cross cutting activity) गरेको हुनु पर्नेछ ।

(ज) बालबालिकाहरु र अभिभावकहरु बालविवाहका विषयमा सचेत भएको हुनु पर्नेछ । प्रहरी प्रशासन पनि बालविवाहका विरुद्धमा सचेत भई बालविवाहका अपराधिहरुलाई कारवाही गर्न सक्रिय भएको हुनु पर्नेछ ।

(झ) बालविवाह मुक्त गाउँपालिका घोषणा गर्नको लागि गाउँपालिकाभित्र जम्मा विवाह भएका संख्यामध्ये बालविवाहको संख्या १० प्रतिशत भन्दा कम भएको तथ्याङ्क हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सूचकहरु पुरा भएको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) अनुसारको प्रतिवेदन कार्यपालिकामा पेश भएपछि कार्यपालिकाले अनुगमन गरि आफ्नो राय सहितको प्रतिवेदन पेश गर्न बालअधिकार संरक्षण समितिलाई खटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाको बैठकले बालविवाह मुक्त गाउँपालिका घोषणा गर्ने सम्वन्धी कार्य अगाडि बढाउनेछ ।

(५) कार्यपालिकाले बालविवाह मुक्त गाउँपालिका घोषणा गर्नु पूर्व जिल्ला समन्वय समिति, डोटीसंग समन्वय गर्नेछ ।

## परिच्छेद–४

## सरोकारवालाहरुको भुमिका

९. **बालविवाह बिरुद्धको अभियानमा सरोकारवालाहरुको भूमिका** : (१) जन्मदर्तालाई बालबालिकाको नैसर्गिक अधिकारको रुपमा लिई तोकिएकै समयभित्र सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

(२) न्याय प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्ण रुपमा रोक्नका लागि सबै सरौकारवालाहरु प्रतिबद्ध हुँदै सहयोग गर्ने ।

(३) विद्यालय, समुदाय एवं सम्पूर्ण सार्वजनिक स्थलमा बाल संरक्षण सम्वन्धी संयन्त्रमार्फत आचार संहिता निर्माण गरी पूर्ण रुपमा लागु गर्ने ।

(४) बालविवाह विरुद्धको अभियानमा सम्वन्धित निकायसंग सहकार्य गरि बालविवाह निषेध गर्न सहयोग गर्ने ।

(५) सबै सरकारी तथा गैरसरकारी संस्थाहरुले आ-आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बालविवाह विरुद्धको अभियानलाई अन्तर-बिषयक क्रियाकलाप (cross cutting activity) को रुपमा सञ्चालन गर्ने ।

(६) बालविवाह सम्वन्धी घट्नाको स्थलगत अनुगमनपछि प्रतिबेदन तयार गरि बालअधिकार संरक्षण समितिमार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

(७) समितिको अगुवाईमा बाल विवाहसम्बन्धी रणनीतिक योजना निर्माण गरि लागु गर्ने ।

## परिच्छेद्-५

## बिविध

१०. **प्रमाण पत्र दिनु पर्ने** : बालविवाह मुक्त वडा घोषणा समारोहमा अध्यक्षले वडाध्यक्षमार्फत वडालाई प्रमाण पत्र दिनु पर्नेछ । सो समारोहमा अन्य सहयोगी र सरोकारवालाहरुलाई पनि प्रमाण पत्र दिन सकिनेछ ।

११. **अनुगमन र मुल्याङ्कन** : बालविवाह बिरुद्धको कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन र मुल्याङ्कन गरि आवश्यक सल्लाह सुझाव दिने कार्य बालअधिकार संरक्षण समितिको हुनेछ । यस कार्यको गाउँपालिकाको अनुगमन तथा सुपरीक्षण समितिले पनि अनुगमन गर्नेछ ।

१२. **प्रतिवेदन** : गाउँपालिकाको महिला तथा बालबालिका शाखाले बालविवाह विरुद्धको कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरि प्रमुख प्रशासकीय अधिकृतमार्फत कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

१३. **बाधा अडकाउ फुकाउ** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा ब्याख्या गर्ने अधिकार बोगटान फुड्सिल गाउँकार्यपालिकालाई हुनेछ ।

१४. **खारेजी र बचाउ** : यो कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै वमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

१५. **संशोधन** : यस कार्यविधिमा आवश्यकता अनुसार गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।